धनकौल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धनकौल प.,सर्लाही

मधेश प्रदेश,सर्लाही

**१५ औं गाउँ सभामा गाउँपालिका अध्क्षय श्री राम आश्रय साह ज्यूद्वारा प्रस्तुत आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम**

**मितिः-२०८२ असाढ ०९ गते**
**सोमबार**

१५ औं गाउँ सभाको उद्घाटन शत्रका सभा अध्यक्ष ज्यू,

यस सभामा पालनु भएका प्रमुख अतिथी मधेश प्रदेश सरकारका माननीय पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरेन्द्र प्रसाद सिंह ज्यू,

विशिष्ट अतिथी ज्यूहरु

धनकौल गाउँपालिका उपाध्यक्ष ज्यू,

कार्यक्रममा उपस्थित वडा अध्यक्ष ज्यूहरु,

कार्यपालिका सदस्य ज्यूहरु,

गाउँसभा सदस्य ज्यूहरु,

आमन्त्रीत अतिथीगण ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत मातहतका विद्यालयबाट पाल्नु भएका प्र.अ.ज्यूहरु,वडा कार्यालयका कार्यालय प्रमुख ज्यूहरु,स्वास्थ्य संस्था प्रमुख ज्यूहरु,यस गाउँपालिका कार्यालयमा कार्यरत विषयगत शाखा प्रमुख ज्यूहरु

धनकौल गाउँपालिका कार्यालय तथा मातहत कार्यालयका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,

सचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु लगायत यस गरिमामय सभामा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनिधी ज्यू, समाजसेवी ज्यू, सहयोगी तथा साझेदार सघं सस्थाका प्रतिनिधि ज्यूहरु,समाजिक अभियन्ता तथा महानुभावहरु

१.लोकतन्त्रको आधारभुत मुल्य मान्यताको सम्मान,मानव अधिकारको संरक्षण र सुशासन कायम गनका लागि देशले लिएको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङक्षालाई आत्मसात गर्दै धनकौल गाउँपालिकाको दीर्घकालिन सोच पुरा गर्न तर्फ प्रतिवद्ध रहि यस गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्दैछु । यस

अवसरमा म नेपालमा नागरिक सर्वोच्ता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति,जनयुद्ध,जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानी पुर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

२. धनकौल गाउँपालिकाको बार्षिक नीति तथा कार्यकम प्रस्तुत गरिरहदाँ हाम्रो भुगोल,सामाजिक पृष्ठभूमी,विकास प्रतिको धारणा र सँस्कृति,कानुनी व्यवस्था आदिका कारण जन अपेक्षा र हाम्रो आफ्नै कतिपय चाहना समेत नीति तथा कार्यकममा समावेश गर्ने ईच्छा हुदाँ हुदै पनि विभिन्न कारण बस सम्पूर्ण रुपमा समावेश गराउन नसकिए तापनी यद्यपी हाम्रो संरचनागत,कानुनी र आर्थिक अवस्थाका आधारमा धनकौल गाउँपालिकाका वडा समितिहरु,विषयगत समितिहरु,बजेट तथा योजना तर्जुमा समिति/गाउँ कार्यपालिकाको परामर्श समेतको आधारमा यस गाउँपलिकाको आ.ब.०८२/०८३ को नीति तथा कार्यका यस सममानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

३.संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन,सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्चबृद्धि,गुण्स्तरीय पूर्वाधार निर्माण, शासकिय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारीवृद्धि, आर्थिक, सामाजिक विभेदको अन्तय, गरिवी निवारण, समावेशी विकाश, शान्ती प्रकृयाको तार्किक निष्कर्ष प्रमुख नीतिगत प्राथमिकतामा राखी, बार्षिक नीति तथा कार्यकम एवं बजेट यिनै प्राथमिकतामा परिलक्षित रहने छन ।

४. हाइवे राजमार्गसँग जोडिएको पक्कि सडकका कारण कृषिको प्रचुर संभावना बोकेको यो सुन्दर गाउँको श्रोत र साधनको सुव्यवस्थित उपयोगले समाजमा समृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरि नीति तथा कार्यकम तय गर्न गाउँसभा सफल हुने विश्वास लिएको छु ।

५. यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन २०३० सम्ममा पुरा गर्ने गरि प्रतिवद्धता जाहेर गरेका १७ वटा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने गरि कार्यकमहरुको तर्जुमा गरिएको गाउँसभा समक्ष अवगत गराउन चाहन्छु ।

**अब म गाउँपालिकाले लिएको विषयगत क्षेत्रगतको नीतिहरु बुदाँगत रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

**(क) शिक्षा,युवा तथा खेलकुद र व्यवसायिक तालिम**

- ❖ प्राविधि मैत्री तथा विद्यालयबाट नै डाटा इन्ट्रीको लागी हरेक विद्यालयमा आ.ब.को शुरुमा नै इन्टरनेट सहितको ल्यापटप वा कम्प्युटरको व्यवस्थापन गरिनेछ ।
- ❖ विद्यार्थी सँख्याको आधारमा विद्यालयमा दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ प्रधानाध्यापकको आवधिक मुल्याङकन गर्ने र प्र.अ. सँग समन्वय, सहकार्य र साझेदारीमा सिकाई उपलब्धि अभिबृद्धि गरिनेछ ।
- ❖ शिक्षा पेशालाई मर्यादित र आकर्पक बनाउन दरबन्दी अनुसार रिक्त पदमा स्थायी शिक्षकको पदपुर्ती तथा विद्यार्थी संख्याको आधारमा शिक्षक अपुग भएका विद्यालयहरुमा पढेलेखेका युवाहरुलाई रोजगारी सृजना गर्न स्वयंसेवक शिक्षक भर्ना कार्यविधि निर्माण गरी योग्य युवाहरुलाई पठन पाठनका लागी परचिलन गरिनेछ ।

- ❖ साक्षरता प्रतिशत बढाउनका लागी हरेक नागरिकलाई साक्षर बनाउनका लागी बजेटिकरण तथा संघ संस्थाको सहयोगमा साक्षरता अभियान संचालन गरिनेछ।
- ❖ हरेक विद्यालयमा कम्तीमा पनि एउटा सेसन योग शिक्षा संचालनको लागी व्यवस्था मिलाइनेछ।
- ❖ बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका कर्मचारीहरुलाई न्युन्तम पारिश्रमिक उपलब्ध गराउन आवश्यक थप बजेटको सुनिश्चितता मिलाईनेछ।
- ❖ शिक्षा क्षेत्रलाई सर्व सुलभ गुण्स्तरीय शिक्षाको अवधारणा बमोजिम अगाडी बढाइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा **ल्याउने,सकिउने र टिकाउने** कार्यलाई प्रोत्साहनमुलक कार्यक्रम सहित अभियानका रुपमा सञ्चालन गरिनेछ।
- ❖ प्रत्येक सामूदायिक विद्यालयलाई पूर्वाधार मैत्री बनाउनको लागि आवश्यकता अनुसार भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क,पंखा,खेल सामग्री तथा अन्य आवश्यक सामग्रीहरुको आपुर्ती कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ सक्षम र प्रकृया पुगेका प्राथमिक विद्यालयलाई आधारभूत, आधारभूत विद्यालयलाई माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालयलाई उच्च मा.वि.मा स्तरोन्नति गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाई पोषण मैत्री खाजा खुवाउने कार्यलाई कडाईका साथ व्यवहारमा लागु गराइने छ।
- ❖ बालमैत्री स्थानीय साशन तथा बाल कल्य स्थापनाको लागी कार्यक्रम संचालन गरिनेछ।
- ❖ किशोर किशोरी मैत्री शिक्षाको लागि आधारभुत विद्यालयहरु सँग समन्वय,सहकार्य गरि आवश्यक व्यवस्था मिलाइनेछ।
- ❖ विद्यालयमा वैज्ञानीक र बालबालिकाको मनोभावना र मनोसमाजिक हिसावले पठन पाठन गराउनका लागि शिक्षक/शिक्षिकाहरुलाई बिषयगत विज्ञ तथा सामाजकि साझेदार संघ संस्थाहरु मार्फत तालिम दिइने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ सामुदायिक विद्यालयका छात्राहरुको लागि नि:शुल्क स्यानीटरी प्याड नियमित रुपमा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ युवाहरुलाई खेलकुदमा समता मुलक पहुँच गराउन प्रदेश सरकारको सहयोगमा निर्माणधिन रहेका कबर्ड हल,स्टेडीयमको निमार्ण कार्य समयमै सम्पन्न गराउन पहल गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ खेलकुदलाई राष्ट्रयको पहिचान,गौरव र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्ने कार्यको लागि पालिका स्तरीय गाउँपालिका अध्यक्ष कप प्रतियोगिता आयोजना गरिनेछ।
- ❖ युवाको क्षमता विकास,युवा बहुप्रतिभाको पहिचान,युवा लक्षित जीवनोपयोगी,प्रविधिक र व्यवसायिक शिक्षा,युवामा सकारात्मक सोचको विकास गर्दै स्यंमसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता कियाकलापहरुलाई लघु उद्यम बिकास कार्यकम र प्रधानमन्त्री रोजगार कार्यकम सँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर,स्वाबलम्वी र चरित्रवान बनाइनेछ।

**२.स्वास्थ्य सेवा तथा विपद् व्यवस्थापन:-**

- ❖ स्वास्थ्य सूचना केन्द्रलाई अझ बढी प्रभावकारी बनाई समयमै अनलाईन डाटा वेश प्रणलीमा आवध गर्न हरेक स्वास्थ्य संस्थामा यस आ.व.को शुरुमा नै इन्टरनेट सहितको लयावटप तथा प्रिन्टरको व्यवस्था गरिनेछ ।
- ❖ गर्भवती महिला तथा गर्भको शिशुको समेत स्वास्थ्यलाई ध्यानमा राखी हरेक गर्भधारनण गर्न इच्छुक महिलाहरुलाई निःशुल्क फोलिक एसिड तथा गर्भवती महिलाहरुको ज्यानै जान सक्ने गरी हुन सक्ने ईकलाम्पसिया/प्रिईकलाम्पसिया रोग समेतको रोकथाम गर्नका लागी प्रोटोकल्सनुसार नियमित रुपमा निःशुल्क क्यालसिम चक्की वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ मातृ तथा नवशिशु मृत्यु दर कम गर्नका लागि संस्थागत गर्भवती जाँच गराउन आउने महिलाहरुलाई निःशुल्क (ANC Package) प्रयोगशाला जाँच तथा संस्थागत सुत्केरी गराउने महिलाको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रवाह कार्यकमलाई निरन्तरता दिइनेछ ।
- ❖ घरमै प्रसुती बढी भएका वडाहरुमा संस्थागत सुत्केरीका लागी ग्रामिण अल्ट्रासाउण्ड सेवाको बिस्तार तथा निःशुल्क सवारी साधनको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ १५ वेडको आधारभुत अस्पताल निर्माण कार्य यथाशिर्घ सम्पन्न गराई अस्पतालबाट गुण्स्तरीय सेवा प्रबाहको व्यवस्था मिलाईने छ ।
- ❖ हरेक फाल्गुन महिनामा नसर्ने रोगको स्कीनिङ महिनाको रुपमा संचालन गरिनेछ ।
- ❖ अपाङता भएका बालबालिकाहरुलाई अपाङ बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र सँगको सहकार्यमा शिविरको माध्यमबाट गाउँमै निःशुल्क शैलकिया तथा सहायक सामग्री वितरण गरिनेछ ।
- ❖ बहुक्षेत्रिय पोषण कार्यकमलाई व्यवस्थित, प्रभावकारी र साझेदारीको रुपमा सञ्चालन गरि पोषण मैत्री वडा/पालिका घोषण अभियानलाई तीब्रता दिइनेछ ।
- ❖ क्षयरोग कार्यकमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरि क्षयरोगमुक्त गाउँ घोषण अभियान कार्यकमको लागी यस वर्ष बजेट विनियोजन गरिनेछ ।
- ❖ एक वडा एक आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई सुदृढ र व्यवस्थित गर्न हरेक स्वाथ्य संस्थाको भौतिक पूवाधार निर्माण तथा मर्मत संभार कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ स्वस्थ्य र फुर्तिलो जीवनका लागि स्थापना हुने आरोग्य केन्द्रबाट योग तथा व्यामकेन्द्रको विकास गर्ने नीति अवलम्बन गरी योग प्रशिक्षण कार्यमा स्वयंसेवी युवा परिचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- ❖ किशोर किशोरी,प्रजनन स्वास्थ्य र परिवार योजना सेवालाई अझ व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ ।
- ❖ महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघरको क्यानसर सम्बन्धी सकिनिङ कार्यकमलाई निरन्तरता दिइनेछ ।

- ❖ नि:शुल्क आधारभुत स्वास्थ्य सेवामा आम गाउँबासीको सुलभ र सरल पहुँचको लागी थप सुधार गर्न अत्यावश्यक औषधि तथा उपकरण अभाव हुन नदिने व्यवस्था मिलाइनेछ ।
- ❖ साठी बर्ष वा सो भन्दा माथि उमेर पुगेका सामुदायिक स्वास्थ्य स्वयं सेवीकाहरुलाई सम्मान सहित बिदाई र सामुदायिक स्वास्थ्य स्वयं सेवीकाहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- ❖ बालबालिकाहरुको खोप पाउने अधिकारलाई सुनिश्चित गर्न सम्पुर्ण वडा भित्रका रहेका खोपकेन्द्रहरुमा भौतिक पूर्वाधार तथा सामग्रीहरु आपुर्तीको व्यवस्थापनका लागी पहल गरिनेछ ।
- ❖ विभिन्न संघ संस्थाको सहयोग तथा पालिकाको आफ्नै पहलमा स्वास्थ्य शिविर,आँखा जाँच तथा उपचार शिविर,महिला प्रजनन स्वास्थ्य शिविर लगायतका अन्य शिविर संचालनलाई निरन्तरता तथा सहकार्य गरिनेछ ।
- ❖ पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा भई सकेको हुदाँ पालिकालाई समेत पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको घोषणा गरिनेछ ।
- ❖ क्यान्सर रोग लागेका,मृगौला रोग लागी डायलेसिस गराई रहेका र स्पाइलन इन्जुरी भएका दीर्घ रोगीहरुलाई निर्देशिकानुसार मासिक रु.५०००/- का दरले नियमित रुपमा त्रैमासिक रुपमा औषधि उपचार खर्च बिरामीहरुको बैंक खाता मार्फत उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ विपदमा परेको नागरीकलाई घटना स्थलमै राहत उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- ❖ छिटो छरितो आगलगी नियन्त्रण गर्नका लागी गाउँ प्रहरीलाई अग्नि नियन्त्रण सम्बन्धी तालिम प्रदान गरी तयारी अवस्थामा राखिने छ । साथै वारुणयन्त्रको खर्च व्यवस्थापनको लागि अन्तर पालिका सँग सम्नवय र सम्झौता गरी सेवा उपलब्ध गराउनका लागी पहल गरिनेछ ।
- ❖ विपद्को समयमा पहिचान तथा न्युनिकरण गर्न विपद् प्रतिकार्य योजना अध्यावधिक गरिनेछ ।

**३) कृषि तथा पशुपालनमा आधुनिकरण रोजगारी बृद्धि तथा गरिबी निवारण**

**धनकौलको समृद्धि,उत्पादनमा बृद्धि**

आदरणिय यस, गरिमामय गाउँसभाका सदस्यज्यूहरु

- ❖ सिचाईका लागि बोडिड टयुवेल जडान कार्यलाई सातैवटा वडामा निरन्तरता दिईनेछ ।
- ❖ आफ्नो करेशाबारीमा विषादी रहित तरकारी खेतीका लागी पालिकाबाट नि:शुल्क तरकारी मिनिकिट वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ करेशावारीमा तरकारी खेतीका लागि चाहिने विभिन्न सुक्ष्म तत्व तथा विषादीहरु विपन्न कृष्कहरुलाई नि:शुल्क उपलब्ध गराइनेछ ।
- ❖ खेतवारीमा सर्व सुलभ सिचाईका लागि पोल तथा वायरीडको कार्य थालनी गरिनेछ ।
- ❖ कृषकहरुको उत्पादन लाई बजारमा बेचबिखन गर्नका लागी बजार व्यवस्थापन तथा बजार सेट निर्माण कार्यलाई कमशः निरन्तरता दिइनेछ ।
- ❖ पशु सेवा केन्द्र बाट नि:शुल्क पशु स्वा.सेवा प्रवाह सर्व सुलभ रुपले प्रदान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

- ❖ माहामारी तथा सरुवा रोग नियन्त्रणका लागि समयमै आवश्यक खोपहरुको व्यवस्था मिलाई कृषकहरुको घर दैलोमा नै खोप सेवा संचालन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- ❖ उन्नतजातको पशु उत्पादनका लागि कृत्रिम गर्भाधान सेवा लाई गाउँ टोलमा नै प्राविधिक पठाई न्युनतम दर रेटमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- ❖ हरेक वडा/वडामा माटो परिक्षण गर्ने कार्यको थालनी गरिनेछ ।
- ❖ गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत थप उद्यमीहरु तयार गरिनेछ ।
- ❖ लघु उद्यम विकास कार्यक्रम मार्फत वडा/वडामा आफुले सिकेको शिपबाट जीवकोपार्जन जस्ता कार्यहरु थालनी गर्नका लागि प्रोत्साहित गरिनेछ ।

**४)रोजगारी वृद्धि तथा गरिबी निवारण एवं युवा स्वरोजगार**

- ❖ अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई समाजिक सुरक्षाकोषमा आवद्ध गरिनेछ ।
- ❖ बैदेशिक रोजगारिमा खटिएका श्रमिकहरुलाई कुनै दुर्घटनामा परेको खण्डमा यस पालिकाको रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारीको पोर्टल मार्फत क्षतिपुर्तीको लागी सहजीकरण गरिनेछ ।
- ❖ रोजगारीको अबसर खोजी गर्नेहरुको लागी श्रम संसार प्रणली द्वारा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट अबसर खोज गर्न सहजीकरण गरिने छ ।

**५)पूर्वाधार :-**

- ❖ खानेपानी तथा सरसफाई :-
  - ➢ एक घर एक हैण्डपाइप जडान नीति अनुरुप खानेपानीको पहुँच पुग्न नसकेका घरधुरीहरुमा हैण्ड पाइप जडान कार्यलाई यस बर्प निरन्तरता दिइनेछ ।
  - ➢ शुद्ध खानेपानीका लागि निर्माणाधिन रहेका खानेपानी टंकीहरुको निर्माण कार्य समयमै छिटो छरितो कार्य सम्पनन गरि सेवा सुचारु गर्न पहल गरीनेछ ।
  - ➢ WASH कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ सडक पूर्वाधार
  - ➢ यस बर्पलाई सडक सञ्जाल बर्पको रुपमा लिई स्तरउन्नती भएका सडकहरुलाई कालोपत्रे तथा पक्की ढलान गरिन कार्यलाई संघ,प्रदेश सरकार सँग समन्वय र सहकार्य गरि निरन्तरता दिइनेछ ।
  - ➢ यस आ.व.देखि सडकको स्तारोनती गर्दा माटो ग्रेवल राख्ने कार्यलाई निरुतसाहित गरि पक्की सडक निमार्णमा जोड दिइनेछ ।
  - ➢ गाउंपालिका भित्रका सम्पुर्ण सडकलाई स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
  - ➢ गाउंपालिका क्षेत्र भित्रका सबै सडकहरुको निजी स्वामित्वको लागत कट्टा गरी सार्वजनिक स्वामित्व कायम गर्न पहल गरिनेछ ।
- ❖ भवन अवास तथा अन्य पूर्वाधार निर्माण

- ➢ पुनर्निर्माण गर्न बाँकी रहेका सार्वजनिक भवन संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- ➢ ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मस्जीद, मदरसा, मठ मन्दिरहरुको संरक्षण र संबर्द्धन गरिनेछ ।
- ➢ हरेक बर्ग,समुदाय,जातजातीको धार्मीक अस्था सँग जोडिएको धार्मिक स्थल,देउता स्थानहरुको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

**(५) वन,वातावरण तथा फोहर मैला व्यवस्थापन**

- ❖ धनकौल गाउँपालिकाका मूख्य सडकलाई स्तरोन्नती गरी तथा उक्त सडकमा वृक्षारोपण गरी Green Zone बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ बजार क्षेत्र र सबै वस्तीहरुमा कमश: फोहोरमैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ ।
- ❖ हरेक सरकारी विद्यालय,सरकारी कार्यालयहरुको परिसरमा हरियालीका लागी वृक्षारोपन गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

**(६) संस्थागत विकास तथा सेवा प्रवाह नीति**

- ❖ सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापन तथा क्षमता अभिबृद्धि गरी सम्बन्धित कार्यालयबाट सेवा प्रवाह गरिनेछ ।
- ❖ सूचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ्.एम्./पत्र पत्रिकाहरुसँग समन्वय गरी गाउँपालिकाका सूचनाहरुलाई प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिकाका सम्पुर्ण सूचनाहरुमा जनताको पहुँच पुऱ्याउन वेवसाइटलाई समयानुकुल अद्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।

**(७) वित्तीय व्यवस्थापन र सुशासन नीति**

- ❖ विगतमा देखिएका जिन्सी सामानहरुको व्यवस्थापकीय समस्यालाई सूधार गर्न PAMS लगायत अन्य नेपाल सरकारबाट जारी गरिएका अनलाइन स्फट वेयर अबलम्बन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- ❖ आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिका बाट अनुमोदन भई गाउँ सभाबाट स्विकृति प्राप्त भएको कर,शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिदै लागिनेछ ।
- ❖ हरेक वडामा सामाजिक सुरक्षा भत्ता,अनलाई घटना दर्ताका लागी कम्प्युटर अपरेटर भर्ना वा हाल कार्यरत रहेका कर्मचारीहरुलाई दक्ष बनाउनका लागी यस बर्ष नै तालिमको व्यवस्था गरि हरेक वडाबाट सेवा प्रवाह गरिनेछ ।
- ❖ गाउँपालिकाको आर्थिक कारोबारलाई राष्ट्रिय मापदण्ड अनुरुप लेखाँकन पद्धतिमा राखिने र अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति अबलम्बन गरी बेरुजु फर्छ्यौट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- ❖ स्थानिय सरकारको स्वय मुल्यांकन गर्नका लागी नेपाल सरकारबाट जारी लिजा प्रणाली मैत्री बनाई हरेक तोकिएको इन्डिकेटर अनुरुप समयमै कार्य सम्पादन गरिनेछ ।
- ❖ सर्शत कार्यकम तर्फ प्राप्तहुने बजेट रकमबाट तलव भत्ता भुक्तानी हुने दरबन्दी भित्र न्युक्त भएका करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारको तलव स्केल अनुसारको तलव भुक्तानी गरिनेछ ।
- ❖ ओ एन्ड एम सर्भेबाट प्राप्त अध्ययन प्रतिवेदनलाई यसै बर्षको गाउँसभाबाट अनुमोदन गराई सो अनुसारको दरवन्दी स्वीकृतीका लागी प्रदेश तथा सँघ सरकार समक्ष पेश गरिनेछ ।
- ❖ कर्मचारी कल्याण कोषको स्थापना गरि प्रचलित ऐन कानुन अनुसार व्यवस्थापन तथा कार्यान्वय गरिनेछ ।
- ❖ **"समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पुर्वाधार"** नारालाई मूल नाराको रुपमा लिई दिगो विकास र सुशासनको प्रत्याभूति हुने वातावरणको सृजना गरिदै लगिनेछ ।

**(८) न्यायीक समिति**

- ❖ गरिव,असहाय,पछाडी परेका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श सेवा तथा सहयोग उपलब्ध गराइनेछ ।
- ❖ प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र सञ्चालनमा ल्याइनेछ ।
- ❖ न्यायीक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरु कडाईका साथ कार्यान्वयनमाा ल्याइनेछ ।
- ❖ न्याीक समितिलाई न्याय निरुपन सम्वन्धि अभिमुखिकरण गराइने व्यवस्था मिलाइनेछ ।

**आदरणिय गाउँसभाका सदस्यज्यूहरु/उपस्थित महानुभावहरु**

अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको बाँडफाँड र श्रोत व्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

यस धनकौल गाउँपालिकाको १५ औं गाउँसभामा आ.व.०८२/०८३ को लागि विनियोजन हुने अनुमानित कुल बजेट रु.५० करोड ७३ लाख ४६ हजार ७ सय १० मध्ये नेपाल सरकारको संघीय बजेटबाट समानीकरण अनुदान,सर्शत अनुदान(चालु/पुँजीगत), राजश्व बाँडफाँड र समाजिक सुरक्षा वापत रु.४६ करोड ५१ लाख २० हजार ४ सय ३३ प्राप्त हुने अनुमान गरिएको छ भने मधेश प्रदेस सरकारबाट समानीकरण अनुदान,सर्शत अनुदान(चालु/पुँजीगत),समपुरक,विशेष अनुदान र राजश्व बाँडफाँडबाट रु.१ करोड ५७ लाख २६ हजार २ सय ८० तथा धनकौल गाउँपालिकाको आन्तरीक श्रोत,गत बर्षको अल्या र राजश्व संकलनबाट रु.२ करोड ६५ लाख प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित आय मध्ये लगभग रु.३२ करोड ८६ लाख ३१ हजार ३ सय १० (६६ प्रतिशत) चालु खर्च तर्फ तथा रु.१७ करोड ८७ लाख १५ हजार ४ सय (३४ प्रतिशत) पुँजीगत खर्च तर्फ व्यय हुने अनुमान गरिएको छ ।

| आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रु. हजारमा | | |
| धनकौल गाउँपालिका | | | | | | | | गाउँ सभामा पेश भएको मिति २०८१/०३/०९ गते | | |
| विवरण | आन्तरीक श्रोत(क) | राजश्व बाडफाड बाट प्राप्त हुने रकम(ख) | वित्तिय समानिकरण अनुदान(ग) | सर्शत अनुदान (घ) | विशेष र समपुरक अनुदान (ङ) | आन्तरीक ऋण(च) | सामाजिक सुरक्षा (छ) | कुल बजेट (क देखि छ सम्मको जोड) | खर्च प्रस्ताव रु हजारमा | |
| | | | | | | | | | चालु | पुँजिगत |
| संघ | | ८८,२२०.४३ | ८८,७००.०० | ११३,२००.०० | | | १५,०००.०० | ४६५,१२०.४३ | ३०६,९७९.४९ | १५८,१४०.९५ |
| प्रदेश | | ४,६५८.२८ | ६,०१८.०० | | ५,०००.०० | | | १५,६७६.२८ | ७,०७६.८३ | ८,५९९.४५ |
| स्थानिय तह | २२,५००.०० | ४,०००.०० | | | | | | २६,५००.०० | १४,५७५.०० | ११,९२५.०० |
| कुल जम्मा | २२,५००.०० | ९६,८७८.७१ | ९४,७१८.०० | ११३,२००.०० | ५,०००.०० | - | १५,०००.०० | ५०७,२९६.७१ | ३२८,६३१.३१ | १७८,६६५.४० |

गाउँपालिकाको तर्फबाट गाउँको सम्पूर्ण विकासका लागि मार्गदर्शनको रुपमा रहेको आ.व.०८२/०८३ को वार्षिक नीति,कार्यकम तथा बजेट तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण गाउँवासी दाजुभाई,दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु। नीति तथा कार्यकम तर्जुमाका सिलसिलामा राजश्व परामर्श समिति,श्रोत अनुमान तथा बजेट समिा निर्धारण समिति,विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यकम तर्जुमा समिति, कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु गाउँसभाका सभा सदस्यज्यूहरुको विकास प्रतिको एकता ,संवेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी,सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपुर्ण रह्यो। नीति कार्यकम तथा बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने राजनीति दलहरु,सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी व्यवसायी, बुद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूण कर्मचारी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। वार्षिक बजेट,नीति तथा कार्यकम तर्जुमा गर्न जति सहज हुन्छ,यसको कार्यान्वयन पक्ष धेरै नै महत्वपूर्ण हो। हामीले तर्जुमा गरेको नीति तथा कार्यकमहरु सम्पादन गर्न सबैको सहकार्य,साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस अवसरमा धनकौल गाउँपालिकाको विकासमा प्रभावकारी भुमिका खेल्नका लागि सरकारी निकायहरु,निजीक्षेत्र,दातृ निकाय लगायत,अन्तराष्ट्रिय संघ संस्थाहरु,गैर सरकारी संघ संस्थाहरु,टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागी हार्दिक अपिल गर्न चाहन्छु।

अन्तयमा नीति तथा योजनाको सफलता कार्यान्वयनमा भर पर्ने भएकोले यसका लागि सबै गाउँसभा सदस्यज्यूहरु,नागरिक समाज,सरकारी एवं गैर सरकारी संस्थाहरु,कर्मचारी वर्ग एवं आम गाउँवासीको संयुक्त प्रयास आवश्यक हुन्छ। विगतमा झै अझ गाउँवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवं विश्वास लिएको छु।

**धन्यवाद।**

**राम आश्रय साह**
**गाउँपालिका अध्यक्ष**
**धनकौल गाउँपालिका**

**मिति:-२०८२ असाढ ०९ गते सोमबार**



CamScanner